# हेटौंडा उपमहानगरपालिका
## १० नं. वडा कार्यालय
## बसपार्क, हेटौंडा
### बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि
# अन्तिम प्रतिवेदन

मितिः २०८१/०४/०३

**प्रतिवेदन पेश गर्नेः**

हेटौंडा उपमहानगरपालिका,
१० न. वडा कार्यालय,
हेटौंडा, मकवानपुर

**प्रतिवेदन पेश हुने निकायः**

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय मार्फत
जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर

# प्रतिवेदनमा समावेश गरिएका विषय वस्तुका सूची:

१. वडाको संक्षिप्त परिचय
२. बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरू
३. बाल बचाऊका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
४. बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था
५. बाल संरक्षणका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
६. बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था
७. बाल विकासका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
८. बाल विकासका सूचकहरूको विद्यमान अवस्था
९. बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू
१०. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको स्थिति
११. बाल समुहको नामावली
१२. वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामावली
१३. बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली
१४. बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था
१५. संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरु
१६. संस्थागत सूचकहरूको विद्यमान अवस्था
१७. बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला सम्बन्धी विवरण
१८. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था

## १.वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमती प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

यस हेटौडा उपमहानगरपालिका वडा नम्बर १० को कुल क्षेत्रफल २.४ वर्ग कि.मी. रहेको छ। यस वडा को पुर्वि सिमाना त्रिभुवन राजपथ (वडा नं. ४) पश्चिम सिमाना रापि खोला (वडा नं. ११), उत्तरमा महेन्द्र राजमार्ग (वडा नं. १) र दक्षिण भागमा कर्रा खोला (वडा नं. ४) रहेको छ। यस वडाका अधिकाशं भागहरु शहरी रहेका छन् ।यो वडा क्षेत्रफलको आधारमा सबैभन्दा सानो हो भने सबै भन्दा धेरै जनसंख्या रहेको वडा हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या १,८९५ रहेको छ जस्मा ९९६ बालक र ८९९ बालिका रहेका छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ५२.६ प्रतिशत बालक र ४७.४ प्रतिशत बालिका रहेका छन्।

### प्रमुख व्यवसाय र रोजगारी

यस वडाको सबै भन्दा धेरै मानिसहरु ४५.७ प्रतिशत मानिसहरुको मूख्य सेवा व्यापारमा रहेको छ । २९.३% मानिसहरु जागिरमा संलग्न रहेका छन । ज्याला मजदुरी पेशामा २३.३% रहेका छन् ।कृषि पेशामा १.३ % रहेका छन् । बैदेशिक रोजगारीमा ३५४ जना व्यक्ति रहेका छन् ती मध्ये ३४.५% महिला रहेका छन् । । यस वडाका मानिसहरुको आर्थिक अवस्थालाई हेर्दा यहाँका मानिहरुको आर्थिक स्रोतको मुख्य पेशाहरु नोकरी, व्यापार, कृषि तथा पशुपालन, ज्याला मजदुरी, बैदेशिक रोजगारी आदि रहेका छन् भने यस वडामा बर्ष भरिको जिविको पार्जन धान्न नसक्ने अवस्थामा व्यक्तिहरु रहेको देखिन्छ ।

### ऐतिहासिक पृष्ठभुमि र विशेषता

यस वडाका प्रशिद्द धार्मिक तिर्थस्थलहरुमा श्री भुटनदेबी मन्दिर, गोरक्षश्वर मन्दिर, अखण्डहरीकृतन, सानो भुटनदेवी, राम मन्दिर, भिमसेन मन्दिर लगायत रहेका छन् । यस वडमा यात्रुहरु आवत जावत गर्न बसपार्कको व्यवस्था गरियको छ ।बसपार्क संगै तरकारी फलफुल बजारहरु रहेका छन् ।बसपार्कको आसपास तथा कर्रामा ठुलो मानव बस्ति रहेको छ भने सरकारी कार्यालयहरुमा जिल्ला प्रहरी कार्यालय, यातायात कार्यालय लगायत प्रदेशस्तरीय धेरै संरचनाहरु रहेका छन्।कृषि तथा बन विश्वविद्यालय र वन विज्ञान अध्ययन संकाय यसै वडामा रहेका छन् ।

यस हेटौंडा उपमहानगरपालिकाले २०८१/जेठ ९ गते पुर्ण खोप, २०७३ भाद्र ३० गते पुर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरिसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सूचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा १० नं. वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यो वडालाई यहि २०८१ साल भदौ मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपनाका यस वडाको हालको प्रमुख उद्देश्य रहेको छ ।

## २.बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा घोषणा तथा दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरूः

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेहि बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ तथा घोषणा कार्यविधि २०७९, स्थानीय सरकार संचालन ऐन, २०७४ तयार हुनु आफैमा एउटा अवसरको रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीयतहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो ।

यस वडाले २०७९ मंसिर २३ देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचकमा विभिन्न नतिजामा कार्य गरिरहेकोमा बालमैत्री स्थानीय घोषणाका लागि आवश्यक गतिविधि पूरा गरिसकेको अवस्था छ।

### बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका सम्भावना र अवसरहरुः

१. पूर्णखोप, खुल्ला दिसा मुक्त, पूर्ण साक्षर घोषणा भएको वडा,
२. २ सामुदायिक २ संस्थागत गरि जम्मा ४ विद्यालय रहेकोमा ३ वटा माध्यामिक विद्यालय रहेको,
३. श्री भुटनदेबी मन्दिर, गोरक्षश्वर मन्दिर, अखण्डहरीकृतन, सानो भुटनदेवी, राम मन्दिर, भिमसेन मन्दिर लगायत धार्मिक स्थल तथा पर्यटकीय स्थाल रहेको,
४. मिश्रित समुदायको वाहुल्यता,
५. टोल विकास संस्था, महिला जागरण समूह, आमा समूह, बाल सञ्जाल, बाल समूह गठन भई विकास निर्माण तथा सामाजिक कार्यमा सक्रिय सहभागिता रहेको,
६. स्थानीय सरकार संचालन ऐन २०७४ मा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणालाई मुख्य सवालको रुपमा लिइनु,
७. आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षवाट समाजका सबे वर्गलाई समेट्ने प्रयास गरी सामाजिक न्यायको सिद्दान्तलाई आत्मासात गर्दै समतामूलक समाजको निर्माण तर्फ समाज अघि बढेको,
८. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासनयुक्त वडा, स्थानीयतह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु,
९. बालमैत्री स्थानीय शासन वडा समिति, राजनीतिक दल, वडा बाल अधिकार समिति, बालसमूह तथा बालसंजाल लगायत संरचनाहरुको सक्रियता ।
१०. स्वास्थ्य र शैक्षिक संस्था लगायतका विषयगत निकाय र अन्य सामाजिक संमूह संगठनहरु संग राम्रो समन्वय रहनु।
११. बालमैत्री स्थानीय शासन प्रति समुदायको चासो, साथ, सहयोग र कार्यक्रममा सक्रियता जनाउनु,
१२. बालमैत्री स्थानीय शासनका ५१ सूचक मध्ये सम्पूर्ण सूचकमा तोकिए बमोजिमको नतिजा प्राप्त भएको अवस्था,
१३. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक विकास, पञ्जिकरण लगायत सरोकारवालाहरुलाई जिम्मेवार बनाई सूचक प्राप्तिमा निरन्तरता दिईनु,
१४. बालमैत्री सहजकर्ता परिचालन।
१५. समुदायमा ६ वटा र विद्यालयमा ४ गरी १० ओटा बालसमूह र १ वटा वडास्तरीय बालसमूह संजाल गठन भई क्रियाशील।
१६. स्थानीय वडाबासी द्दरा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रकृयामा साथ सहयोग र पूर्ण प्रतिबद्धता जनाउन ।
१७. प्रतिबद्ध, लगनशील र उर्जावान जनप्रतिनिधी तथा कर्तव्यनिष्ठ कर्मचारी,

१८. व्यवसायिक हिसाबले सवैभन्दा ठुलो वडा,

**बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका चुनौतीहरुः**

१. उपलब्ध स्रोत साधनको तुलनामा समुदायको पूर्वाधार विकासका माग सम्बोधन गर्नु।
२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराखु,
३. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन सरोकारवाला निकाय, संघसंस्था, समिति तथा परिवारलाई संवेदनशील हुन अभिप्रेरित गरि निरन्तर विशेष जिम्मेवारी वोध गराई दिगोपना कायम गर्नु।
४. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता चौतर्फी विकासका आधारभूत पक्षको उच्चतम प्रवर्धन गर्नु।
५. सबै धर्म, वर्ग, जातजाति, क्षेत्रका समुदायलाई बालमैत्री आचारसंहिताको सफल व्यावहारिक कार्यान्वयनमा सक्रिय सहभागि गराउनु,
६. होटल व्यवसायमा श्रम गर्न जाने बालबालिकाको नियमन र नियन्त्रण गर्नु,
७. शैक्षिक संस्था वरपर र सार्वजनिक स्थान वरपर सुर्तिजन्य पदार्थ र मद्यपान बिक्रि वितरणमा कडाईका साथ प्रतिबन्ध लगाउनु,

## ३. बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

१० नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम **सेवाप्रवाह र संस्थागत** सूचकहरु प्रासीको लागि गरिएका महत्वपुर्ण कार्यहरुः

### क) बाल बचाऊका सम्बन्धमा वडामा सञ्चालन भएका कार्यहरुः

१) पूर्ण स्तनपान, स्वास्थ्य शिक्षा, पोषिलो खाना स्थानीय स्तरमा व्यवस्थापन, आइरन चक्की प्रयोग, सरसफाई सम्बन्धी सचेतना कार्यक्रम संचालन, हात धुने बिधि कार्यक्रम, घरदैलो अभियान,
२) पूर्णखोप वडा घोषणा र यस्को निरन्तरता रहेको,
३) एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम नियमित भएको र संक्रमित नरहेको,
४) खुल्ला दिसा मुक्त वडा घोषणा र निरन्तरता,
५) उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत शहरी स्वास्थ्य केन्द्रको समन्वयमा जनप्रतिनिधिद्वारा पोषण कोसेली वितरण कार्यक्रम सञ्चालनमा रहेको र नियमित शिशुको तौल जाँच गर्ने गरिएको।
६) हजार दिनका आमा र आमा समूहहरुलाई पूर्ण स्तनपान, सुरक्षित मातृत्व, पोषण, सरसफाई लगायतका विषयमा निरन्तर सचेतना र परामर्श।
७) राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ वर्ष मूनिका बालबालिकालाई भिटामिन "ए" तथा जुकाको औषधी खुवाउनुको साथै नियमित शारीरिक तथा मानसिक बृद्धि बिकास अनुगमन गर्ने गरिएको,
८) चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा सचेतना कार्यक्रम संचालन,
९) खानेपानी व्यवस्थापन बोर्डद्वारा प्रत्येक घरधुरीमा खानेपानी धारा वितरण र नियमित खानेपानी परिक्षण भएको (आधारभुत तहको खानेपानी सुविधा सबै परिवारमा उपलव्ध)।
१०) विद्यालय, तथा समुदाय स्तरमा साबुन पानीले हात धुने परिपाटी स्थापित,
११) विद्यालयमा किशोरकिशोरी केन्द्रित प्रजनन् स्वास्थ्य, एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम,
१२) महिला स्वास्थ्य स्वयमसेविका र आमा समूहको वैठकमा बाल बचाऊका सूचक वारे छलफल,

१३) आयोडिनयुक्त नुनको प्रयोग बारे सचेतना जागरुक गराई हरेक घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको सुनिश्चितता,

१४) स्वास्थ्य संस्थाको मासिक तथा वार्षिक प्रतिवेदन संकलन तथा अध्ययन,

१५) कोरोना न्यूनिकरणका लागि बिभिन्न समयमा कोरोना रोकथाम सम्वन्धी बिभिन्न कार्यक्रम तथा खोप सञ्चालन गरेको,

१६) समय समयमा स्वास्थ्य शिविर सञ्चालन,

१७) स्वास्थ्य संस्थाद्वारा बालसमूहलाई मास्क तथा पङ्खा वितरण,

१८) सामुदायिक तथा संस्थागत विद्यालयमा प्याड वितरण,

१९) वडा संगै रहेको स्वास्थ्य संस्थामा स्तनपान कक्षको स्थापना भएको,

२०) डेङ्गु विरुद्ध समुदाय र विद्यालयमा सचेतना र सरसफाई कार्यक्रम संगै डेङ्गु लगायतका अन्य रोगव्याधी विरुद्ध औषधी र निशुल्क डेङ्गु परिक्षण ।

## बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल बचाऊ सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र. स. | सूचक | आधार वर्षको अवस्था (०७९ /८०) | हालको अवश्था (२०८१/०४/३सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या ३/३१ नगर घोषण २०८०/१२/९ वडा |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | १००% | ९५% | ६४ जना गर्भवती मध्ये समय पुगेका ६४ जनाले जाँच गराएका छन्। ४९ सुत्केरी आमा सहित नवजात शिशु सबैले जाँच गराएका छन् । । |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | १००% | ९५% | ६४ जना गर्भवती मध्ये समय पुगेका सबै जनाले टिडी विरुद्धको खोप लगाएका छन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | | १००% | ९५% | ४९ जना सुत्केरी सबैले २२५ वटा आइरन चक्की खाएका छन् र ६४ गर्भवतीले नियमित खादै छन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | | १००% | ८०% | ४९जना गर्भवती सबै स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान गराएका हुनेछन् । | | ८१% | ८०% | ११६ जना शिशु मध्ये ९४ जना शिशुले पूर्ण स्तनपान पाएका छन । भने २२ जनाले पाएका छैनन्। |
| ६ | छ महिला देखि पाँच वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका ८४४ जना सबै बालबालिका ले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन् । |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पुर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै १८६ जना बालबालिकाले नेपाल सरकारले तोकेका सबै खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ । |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | | १००% | १००% | यस वडामा अति कडा कुपोषण भएका बालबालिका नभएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सबै घरधुरीमा आधारभुत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | सबै घरधुरीमा खानेपानीको सुबिधा रहेको छ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १००% | १००% | सबै घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

## ख) बालसंरक्षणका सूचक हासिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:

१. टोल विकास संस्थाहरुमा पत्राचार गरि जन्मदर्ता अभियान संचालन गरिएको, खोपको बेला र विद्यालय भर्नाको बेला जन्मदर्ता अनिवार्य गरिएको छ ।

२. टोल टोलमा, विद्यालयमा बालविवाह न्युनीकरणका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन भएका छन ।

३. बालमैत्री आचारसंहिता एवं बालसंरक्षणका कार्ययोजना तयार गरी कार्यान्वियनमा ल्याइएको छ ।

४. वडा बालअधिकार समितिद्धारा विशेष गरी बालसंरक्षणको क्षेत्रमा सक्रियताका साथ कार्य भइरहेको छ ।

५. बिभिन्न पर्चा, पम्प्लेट, पत्राचार, सूचना वोर्ड जडान भएको छ ।

६. सुरक्षा निकायको समन्वयमा सचेतना कार्यक्रम संचालन भएको छ ।

७. बालश्रम, बाल विबाह, बाल कुलत विरुद्धको कानुनी व्यवस्था साथै बालअधिकार सम्वन्धी माईकिंङ कार्यक्रम गरिएको छ ।

८. टोल तथा विद्यालय बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्यक्रम संचालन भएको छ ।

९. विभिन्न पसल, ग्यारेज, होटलमा बालश्रम, सूर्तिजन्य, मदिराजन्य पदार्थको बिक्रि वितरण नगराउने प्रतिबद्धता सहित फ्लेक्समा हस्ताक्षर गराई टाँस गरिएको छ।

१०. समुदाय र विद्यालयमा बालविवाह, बालश्रम, बालकुलत वारेमा अभिमुखिकरण गरिएको।

११. बालश्रममा भेटिएका बालबालिकालाई बालअधिकार समितिद्धारा उद्धार, मनोसामाजिक परामर्श गरि बालबालिकालाई पारिवारिक पुनर्स्थापना र नियमित पठनपाठनमा जोड दिईएको छ।

१२. सबै विद्यालयमा लागुपदार्थ दुर्व्यसनी, साइबर अपराध सम्बन्धी अभिमुखिकरण सम्पन्न।

१३. सबै विद्यालयद्धारा बालबालिकालाई शारिरिक, मानसिक यातना नदिने प्रतिबद्धता गरिएको।

१४. बालविवाह, बालश्रम लगायत बालबालिका विरुद्ध हुने अन्य हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन।

१५. बालसंरक्षण सम्बन्धी पर्चा, पम्प्लेट वितरण गरिएको।

१६. कुलतमा लागेका बालबालिकाका लागि नगरले गरेको सम्झौता अनुसार बालकको हकमा मामाघर नेपाल र बालिकाको हकमा माईती नेपालमा मनोपरामर्श र आवश्यक उपचार सहितको अल्पकालिन आवासिय व्यवस्थापन गरिएको।

१७. वडा कार्यालय, प्रहरी कार्यालय र विद्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकीएको।

## बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था

बालसंरक्षणका सूचकको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था ०७९) (८०/ | हालको अवश्था ) २०८०/०४/०३ सम्म | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | वडाको घटना दर्ताको जन्मदर्ता अभिलेख अनुसार सबैको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको यस वडाका १८ बर्ष मुनिका १८९५ जना बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | वडा बाल अधिकार समितिटोल विकास र , बालसमुहबाट सचेतनामुलक कार्यक्रम साथै ,नियमित अनुगमन एवं निगरानी भएको २०८० श्रावण देखि हालसम्म २० वर्ष मुनिका विबाह नभएको। |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान विद्यालय), सामाजिक चाडपर्व, भेला (मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुव्यवहारमा कमि आएको हुनेछ । | | ९५% | ८०% | वडा बालअधिकार समितिआमा ,टोल विकास , सुरक्षा निकाय र बाल समुहको ,समुह सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र सचेतनामुलक ,क्रियाशिल रहेको अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ। | | १००% | १००% | वडा बालअधिकार समितिको वैठक नियमित , सुरक्षा निकाय र ,आमा समुह ,टोल विकास बाल समुहको सकृयता मा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिलवडामा , ,वडा ,बालमैत्री सम्पर्क शाखा स्थापना विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकेको र गुनासो पेटिका राखि बालमैत्री ,सुनुवाईको व्यवस्था मिलाईएको वडा सहजकर्ता परिचालन। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | १००% | ९५% | यस वडामा यस्ता कुप्रथा नरहेकोले यो सूचक पुर्ण भएको पाईयो । |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका को संरक्षण गर्न विशेष (भएका) व्यवस्था गरेका हुनेछन् । | | १००% | १००% | यस वडामा १४ वर्ष मुनिका असहाय बालबालिका १ जना भएको र नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ ।सडक ) (भएकोमा) बालबालिकालाई बालगृहमा राखी व्वस्थापन भएको हुने | | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विझालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन । |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

## ग) बाल विकासका सूचक हासिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

१. हरेक विद्यालयमा छात्र छात्राको अलग अलग शौचालय पहिचानका लागी संकेत वोर्ड जडान।
२. सेनेटरी प्याड वितरण र ईन्सिनेटर च्याम्बरको व्यवस्था ।
३. विद्यालयका प्र.अ.हरु, बि.ब्य.स. सम्पर्क शिक्षकसंग बालविकासका सूचकहरुमा विशेष छलफल ।
४. बालमैत्री सम्पर्क शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण ।
५. सामुदायिक र संस्थागत दुवै विद्यालयलाई खेलकुद सामाग्री वितरण।
६. विद्यालयमा बालमैत्री आचारसंहिता र बालअधिकार सम्बन्धी फ्ल्याक्स ब्यानर, पर्चा वितरण।
७. अतिरिक्त क्रियाकलाप संचालन भए नभएको अनुगमन।
८. विद्यालयमा कुहिने र नकुहिने फोहोर वर्गीकरण सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन, लेवल अनुसार डस्विनमा फोहोर सङ्कलन र उचित विसर्जन।
९. घरदैलो गरि विद्यालय भर्ना अभियान।
१०. लगातार विद्यालय अनुपस्थित हुने बालबालिकाको अभिभावक तथा विद्यार्थीसंग छलफल कार्यक्रम।
११. विद्यालयमा कक्षा कोठा र शौचालयमा जान र्‍यामको व्यवस्थापन।
१२. बा. वि. केन्द्रका विद्यार्थीको सिकाई उपलब्धी सहितको व्यक्तिगत फाइल व्यवस्थापन।
१३. सामुदायीक विद्यालयमा १ देखि ५ कक्षासम्मको बालबालिकाको लागि दिवा खाजा तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकाको लागि समेत दिवा खाजा।

१४. विद्यालय तथा समुदायमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री आचार संहिता लगायत अन्य सुचनामुलक भित्ते लेखन (चित्र सहित)।

१५. विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन।

१६. गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती।

## ग) बाल विकासका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवश्था ०७९)८०/ | हालको अवश्था २०८)१/०३/१७ सम्म( | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ) | | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको । |
| २ | ५ देखि १४ वर्ष उमेर समुहका शतप्रतिशत बालबालिकाले आधारभुत शिक्षा(कक्षा १ देखि ८ सम्म)पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समुहका सबै बालबालिकाहरुले आधारभुत शिक्षा प्राप्त गरेका छन् । |
| ३ | प्रत्येक विद्मालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | | १००% | १००% | २ सामुदायिक र २ संस्थागत गरि ४ वटा विद्यालय मध्ये ३ वटा विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय व्यवस्था भै यसको प्रयोग भई रहेको र १ विद्यालयमा संस्कृत वेद पढ्न छात्र मात्र रहने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सबै विद्मालयका पूर्वाधार कक्षा )कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ( बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस वडाका ४ वटै विद्यालयका पूर्वाधार कक्षाकोठा ), फर्निचर, खेलमैदान, खानेपानी धारा ( बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्मालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ | | १००% | १००% | यस वडाका ४ वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त कृयाकलापमा सहभागी गराई सोको अभिलेखिकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## घ) बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू

१. बालसमूह स्टेशनरी सहितको टिनको बाकस वितरण गरि नियमित बैठक संचालन ।
२. बालसमुह र संजालद्वारा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन र अतिरिक्त कृयाकलापका लागि बजेट व्यवस्थापन (वडा मार्फत) ।
३. वडास्तरीय बाल समुह संजाल र सबै बालसमुहहरुलाई खेलकुद सामाग्री वितरण।
४. वडा बालमैत्री समितिद्धारा बालबालिका, अभिभावक तथा समाजका अगुवा सहितको उपस्थितीमा बालसमूहको महत्व र बालमैत्री स्थानीय शासनको विषयमा सचेतना सहित १० वटा बालसमूह र १ वडास्तरीय बाल संजाल गठन तथा परिचालन।
५. वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिती, विपद् व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति(आमन्त्रित), विद्यालय व्यवस्थापन समिति(आमन्त्रित) र टोल विकास समितिमा १ बालक र १ बालिकाको सहभागिता सूनिश्चत भएको।
६. बालबालिकाहरुलाई बालअधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र बालसमुह व्यवस्थापन एवं कार्ययोजना निर्माणमा सहजीकरण ।
७. वडास्तरीय बालभेला आयोजना तथा माग भई आएका योजना वार्षिक बजेटमा समावेश भई कार्यान्वयन भएको।
८. वडा र विभिन्न संघसंस्थाबाट क्षमता विकास अभिमुखिकरण कार्यक्रम।
विद्यालय, टोल, वडा र नगरस्तरीय विभिन्न कार्यक्रमहरुमा बालबालिकाको अर्थपुर्ण सहभागिता।

## वडाको शासकीय संरचनामा बालबालिकाको अर्थपूर्ण सहभागिताको स्थिती:

| क्र.स. | सहभागिता भएको निकाय | बालक | बालिका | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विपद् व्यवस्थापन समितिमा | १ | १ | २ |
| ४ | विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| ५ | स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| | **जम्मा** | **५** | **५** | **१०** |

## घ) हेटौंडा उपमहानगरपालिका वडा नं. १० मा रहेका बालसमूहको नामावली

| क.स | बाल समुहको नाम | बालक | बालिका | जम्मा | अध्यक्षको नाम |
|---|---|---|---|---|---|
| विद्यालयस्तरीय बाल समुह | | | | | |
| १ | ज्ञानदा बाल समुह | १२ | १३ | २५ | विवेक मोक्तान |
| २ | तुलसि बाल समुह | १३ | १२ | २५ | आलिया राई |
| ३ | सँस्कृत वेद बाल समुह | १२ | १३ | २५ | प्रज्वल दाहाल |
| ४ | सोलिडाईरिटी बाल समुह | १२ | १३ | २५ | साम्राज्ञी चालिसे |
| **टोल स्तरीय बाल समुह** | | | | | |
| १ | न्युरिनि बाल समुह | १२ | १३ | २५ | करुणा श्रेष्ठ |
| २ | आदर्श बाल समुह | १२ | १३ | २५ | कृतज्ञ बतौला |
| ३ | भुटनदेवि बाल समुह | १२ | १३ | २५ | सुविरा राना |
| ४ | नेत्रज्योति बाल समुह | १२ | १३ | २५ | कविर दास |
| ५ | सफल बाल समुह | १३ | १२ | २५ | रिन्चु श्रेष्ठ |
| ६ | नमुना बाल समुह | १२ | १३ | २५ | हिमाशा लामा |
| ७ | वडा स्तरीय बाल समुह संजाल | १२ | १३ | २५ | संस्कार ज्ञवाली |

## १२) हेटौंडा उपमहानगरपलिका वडा नं. १० मा रहेको वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामवली

| क.स | नामथर | पद | बाल समूह नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | संस्कार ज्ञवाली | अध्यक्ष | सोलिडाईरिटी बाल समुह | ९८४५१३२३९५ |
| २ | हर्सिना लम्साल | उपाध्यक्ष | भुटनदेवि बाल समुह | ९८६३६६४४४४ |
| ३ | अरुणा बर्तौला | सचिव | नेत्रज्योति बाल समुह | ९७६५८८७५१९ |
| ४ | हिमाशा लामा | सह-सचिव | नमुना बाल समुह | ९८४९०३९१०५ |
| ५ | करुणा श्रेष्ठ | कोषाध्यक्ष | न्युरिनि बाल समुह | ९८६२२४६३३३ |
| ६ | सफिन बानियाँ | सदस्य | तुलसि बाल समुह | ९८४२४५८१११ |
| ७ | केशिका चन्द | सदस्य | नेत्रज्योति बाल समुह | |
| ८ | हर्सल लम्साल | सदस्य | तुलसि बाल समुह | ९८६३६६४४४४ |
| ९ | सुविरा राना | सदस्य | भुटनदेवि बाल समुह | ९८४५०२९५४४ |
| १० | विवेक लामा | सदस्य | ज्ञानदा बाल समुह | ९८०३०८७३२३ |
| ११ | पेन्जु लामा | सदस्य | सफल बाल समुह | ९८४५४६३५२१ |
| १२ | निभा शाह | सदस्य | आदर्श बाल समुह | ९८४५०७११७८ |
| १३ | प्राश्ना चौलागाई | सदस्य | आदर्श बाल समुह | ९८११२९४५४८ |

| | | | | |
|---|---|---|---|---|
| १४ | कृतज्ञ बर्तौला | सदस्य | आदर्श बाल समुह | ९८४५०७१४७१ |
| १५ | सामना भण्डारी | सदस्य | आपसी बाल समुह | ९८४५०२८२७३ |
| १६ | लुसाङ सि - वाईवा | सदस्य | आपसी बाल समुह | ९८१२२५५७४२ |
| १७ | आयुस गुरुङ | सदस्य | न्युरिनि बाल समुह | ९८५५३७०९१० |
| १८ | कविर दास | सदस्य | नेत्रज्योति बाल समुह | ९८४५३१४६४७ |
| १९ | महेश्वर खनाल | सदस्य | सँस्कृत वेद बाल समुह | ९८४५५३५४३४ |
| २० | पिउस लामा | सदस्य | सफल बाल समुह | ९८०७२२१९२८ |
| २१ | संयम लामा | सदस्य | नमुना बाल समुह | ९८१११९२५७३ |
| २२ | रिज्ना सहाशंकार | सदस्य | न्युरिनि बाल समुह | ९८४५९२७३१२ |
| २३ | याङ्सा बल लामा | सदस्य | नमुना बाल समुह | ९८६५३५५४१२ |
| २४ | तनिशा लामा | सदस्य | ज्ञानदा बाल समुह | ९८४५८७४८१९ |
| २५ | समृदि ढुंगाना | सदस्य | नेत्रज्योति बाल समुह | |

**१३) हेटौंडा उपमहानगरपलिका वडा नं. १० को वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका व्यक्तिहरूको नामावली**

***वडा समिति***

| **क्र.स.** | **नाम थर** | **पद** |
|---|---|---|
| १ | फुर्वा दोर्जे तामाङ | अध्यक्ष |
| २ | साधना श्रेष्ठ | सदस्य |
| ३ | गोमा सुनार | १० नं वडा सदस्य(बालमैत्री वडा सम्पर्क व्यक्ति) |
| ४ | ईश्वर प्रसाद मैनालि | सदस्य |
| ५ | बिमल लामा | सदस्य |
| ६ | राम प्रसाद तिमल्सिना | वडा सचिव |

***बालमैत्री स्थानीय शासन वडा समिति***

| **क्र.स.** | **नाम थर** | **पद** |
|---|---|---|
| १ | फुर्वा दोर्जे तामाङ | १० नं वडा अध्यक्ष |

| | | |
|---|---|---|
| २ | साधना श्रेष्ठ | का.पा.सदस्य |
| ३ | गोमा सुनार | १० नं वडा सदस्य(बालमैत्री वडा सम्पर्क व्यक्ति) |
| ४ | ईश्वर प्रसाद मैनालि | १० नं वडा सदस्य |
| ५ | बिमल लामा | १० नं वडा सदस्य |
| ६ | रमेश सुबेदि | ज्ञानदा मा.वि. प्र.अ. |
| ७ | गोपाल कृष्ण आधिकारि | सँस्कृत वेद विद्यादय प्र.अ. |
| ८ | शुशिला श्रेष्ठ | हेडम्बा शहरी स्वाथ्य प्रमुख |
| ९ | नमराज न्यौपाने | १० नं वडा टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष |
| १० | दुर्गा नेपाल | नेत्रज्योति टोल विकास संस्था अध्यक्ष |
| ११ | फुलामाया गुरुङ | न्युरिनि टोल विकास अध्यक्ष |
| १२ | गिता नेपाल | आदर्श टोल विकास संस्था अध्यक्ष |
| १३ | संस्कार ज्ञवाली | वडास्तरीय बाल सञ्जाल अध्यक्ष |
| १४ | हर्सिना लम्साल | वडास्तरीय बाल सञ्जाल उपाध्यक्ष |
| १५ | राम प्रसाद तिमल्सिना | सदस्य सचिब |

## *वडा बालअधिकार समिति*

| **क्र.स.** | **नाम थर** | **पद** |
|---|---|---|
| १ | फुर्वा दोर्जे तामाङ | १० नं वडा अध्यक्ष |
| २ | बिमल लामा | १० नं वडा सदस्य |
| ३ | शुशिला श्रेष्ठ | हेडम्बा शहरी स्वाथ्य प्रमुख सदस्य |
| ४ | रमेश सुबेदि | ज्ञानदा मा.वि. प्र.अ. |
| ५ | अरुण कुमार सिंह | प्रहरी चौकी बसपार्क इन्चार्ज |
| ६ | बिजय भण्डारी | १० नं वडा समाजसेवी |
| ७ | माया देवि कडेल | भुटनदेवि टोल विकास संस्था अध्यक्ष |
| ८ | डिकम्बर रुपाचा | साना हातहरु नेपालको प्रवन्धक |

| | | |
|---|---|---|
| ९ | सफिन बानियाँ | वडास्तरीय बाल सञ्जाल सदस्य |
| १० | अरुणा बतौंला | वडास्तरीय बाल सञ्जाल सदस्य |
| ११ | राम प्रसाद तिमल्सिना | सदस्य सचिव |

## १४) बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था

| क्र. स. | सूचक | आधार वर्षको अवस्था /०७९) (८० | हालको अवस्था /२०८१) /०३ (१७सम्म | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल न्युनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन रहेका हुनेछन् । | | १००% | ९५% | मिति २०८० बैशाख १७ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल समूह गठन भै क्रियाशील न्युनतम ) वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन रहेका हुनेछन् ( । | | १००% | ९५% | टोलस्तरीय ६ र विद्यालयस्तरीय ४ वटा गरि १० बाल समुहको बैठक र अतिरिक्त कृयाकलाप नियमितसबै बाल समूह , वडामा सुचिकृत। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षाभन्दा माथी अध्ययन हुने ४ वटा विद्यालयका ब्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल समुहको संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिएको। , |
| ६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८०/०२/१९ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको , पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## ङ) संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू:

१. वडामा बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समिति गठन भई क्रियाशील रहेका।
२. वडामा बालमैत्री शाखा स्थापना भई एक जनप्रतिनिधीलाई बालमैत्री सम्पर्क व्यक्तिको जिम्मेवारी दिईएको र बालमैत्री वडा सहजकर्ता परिचालन।
३. बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
४. वडामा रहेको बालउद्यान भित्र बालमैत्री सिकाई स्रोतकेन्द्र निर्माणाधिन अवस्थामा रहेको ।
५. बाल वस्तुगत विवरण र सेवा प्रदायकको तथ्याङ्क विश्लेषणको आधारमा बालबालिकाको लागि पञ्चवर्षिय लगानी योजना तर्जुमा गरी कार्यान्वन भईरहेको ।
६. बालभेलाबाट माग भई आएका योजनाको आधारमा स्थानीय तहको विकास योजना तर्जुमा र कार्यान्वयन।
७. बालबालिका सम्बन्धी स्थिती प्रतिवेदन तयारी।
८. प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि तथा विद्यालय बस सञ्चालन निर्देशिका प्रकाशन, वितरण एवं कार्यान्वयन भएको ।
९. बालमैत्री, वातावरण मैत्री र विपत व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सत्र संचालन भईरहेको ।
१०. स्थानीय प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी संचालनमा रहेको र बालमैत्री सम्पर्क व्यक्ति तोकिएको।
११. वडा कार्यालय सङ्गै रहेको स्वास्थ्य संस्थामा स्तनपान कक्षको ब्यवस्थापन भएको ।
१२. बाल संरक्षण प्रणाली अन्तरगत नगरस्तरीय बालकोषको व्यवस्थापन गरिएको।
१३. विपन्न छात्र छात्रालाई छात्रवृत्ती सहयोग।
१४. विद्यालय तथा सार्वजनिक भवनमा बालमैत्री, अपाङ्गमैत्री संरचना।
१५. विपद् व्यवस्थापन समिति मार्फत विपद्को समयमा बालबालिका केन्द्रित बजेट विनियोजन र संस्थागत व्यवस्थापन।

### संस्थागत सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित संस्थागत विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र स | सूचक | आधार वर्षको अव श्था ) ०७९ (८०/ | हालको अवश्था २०८१) /४/३ सम्म( | घोषणा को लागि आवश्य क प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | वडानगरपालिका तहमा /गाउँ/ बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन्। | | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सक्रिय रहेको। |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीतिकार्यविधि र निर्देशिका , :कार्यान्वयनमा ल्याईएको<br>● हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति २०७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>● हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन२०६७,<br>● बाल समुह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७६,<br>● बालकोष स्थापना र सञ्चालन कार्यविधि , २०७९<br>● बालमैत्री स्थानिय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि२०७७ ,<br>● प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि२०८० ,<br>● विद्यालय बस सञ्चालन निर्देशिका२०८० , |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेको हुनेछ। | | १००% | ८०% | ● नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र हे.उ.न..पा.५ वडामा पुष्पलाल पार्कमा बालमैत्री स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | १००% | १००% | बाल बस्तुगत विवरण तयार भए पश्चात २०८०।१०।९ मा पञ्चबर्षीय लगानी योजना तयार गरी नगरकार्यपालिका बाट स्वीकृत भएको । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ / नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछन्। | | १००% | १००% | मिति २०८०/०२/१९ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समाबेश गरि कार्यान्वयन भएको। |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १००% | १००% | वडा नं .१० को अन्तिम स्थीति पत्र २०८१ मा प्रकाशन भएको । |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ३ वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि२०८० , को मापदण्ड अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा संचालन गरेका हुनेछन् । | | १००% | १००% | सवै विद्यालयले अतिरिक्त कृयाकलाप अन्तर्गत बालमैत्रीवातावरणमैत्री र विपद् व्यवस्थापन , सम्वन्धी प्रयोगात्मक कक्षा सञ्चालन गरेको। |
| ९ | आधारभुत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका | | १००% | %८० | यस वडामा आधारभुत विद्यालय शिक्षावाट बञ्चित भएका बालबालिकाहरु नरहेका र बालसमूहमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकाहरुले जीवन उपयोगी शिक्षा व्यवसायिक तथा सीपमुलक ) प्राप्त गरेका हुनेछन् । (तालिम | | | | आवद्ध बालबालिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान बोली ,व्यवहारपारिवारिक , संस्कार बारेजीवन उपयोगी शिक्षा दिने गरिएको । |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ। | | १००% | १००% | स्थानीय ईलाका प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विद्मार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १००% | १००% | यस वडाका २ ) तुलसी मेहेर र सोलिड्यारिटी ईन्टरनेशनल एकेडेमी (विद्यालयले सञ्चालन गरिरहेको स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका२०८०को मापदण्ड अनुरुप , सञ्चालन हुँदै गरेको । |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | १००% | १००% | वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको। |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १००% | १००% | सार्बजनिक स्थानमा र सिनेमाहलहरुमा खानेपानी धारा र शौचालय बालमैत्री रहेको। |
| १४ | स्थानीय तहको विपद व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | नगरस्तरीय विपद् व्यवस्थापन कोषको व्यवस्था भएको विपद् व्यवस्थापन सामाग्री हेटौडा उपमहानगरपालिकामा रहेको र वडामा जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

## १७) बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण तथा तहगत खुड्कीला प्राप्ती सम्वन्धी विवरणः

| | क्र स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| पुर्व तयारी चरण | १ | कार्यपालिकाबाट आफ्नो गापा/नपालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने | √ | | मिति २०७९/०८/२३ गतेको नगर कार्यपालिकाको निर्णयको प्रतिलिपि |
| | २ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण गर्ने | √ | | • मिति २०७९ मंसिर १७ गते सम्पन्न भएको अभिमुखिकरण कार्यक्रमको उपस्थिति, प्रतिवद्धता पत्र तथा तस्वीरहरू<br>• यस वडामा २०७९ मंसिर देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरेको माइन्युटको प्रतिलिपी<br>• २०७९ फाल्गुन पश्चात विभिन्न मितिमा टोलस्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| ण | | | | | अभिमुखिकरण कार्यक्रम सञ्चालनको प्रतिलिपि |
| | ३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगरस्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने | √ | | वडास्तरीय सरोकारवालाहरूलाई अभिमुखिकरणको दिन गरिएको सामुहिक प्रतिवद्धता फ्लेक्सको फोटो |
| | ४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने | √ | | • २०७९ फाल्गुन देखि जेष्ठ सम्ममा घरधुरी सर्वेक्षण<br>• घरधुरी सर्वेक्षणको आधारमा बाल वस्तुगत विवरण तयार र २०८० पौष २४ मा बाल बस्तुगत विवरण छलफल र बाल वस्तुगत विवरणको १ थान किताव प्रकाशन |
| | ५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने | √ | | मिति २०८० मंसिर १४ गतेका दिन बालमैत्री स्थानीय शासनका सुचक मापनयोग्य सरलिकरण कार्यशाला सञ्चालन प्रतिलिपी/फोटो |
| | ६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि निर्देशिका र आचारसंहिता तयार गर्ने | √ | | • हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७७<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ ( बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७६<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |

| | **क्र. स.** | **विवरण** | **पुरा भएको** | | **कार्यसम्पन्न मिति र सम्वन्धित विवरण** |
|---|---|---|---|---|---|
| | | | **छ** | **छैन** | |
| **तयारीकोचरण** | १ | गाउँपालिका/नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | √ | | मिति २०७९/०८/१४ को निर्णय अनुसार वडा सदस्य श्री गोमा सुनार लाई बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र निजको कार्यकक्षमा बालमैत्री सम्पर्क शाखा रहने तोकिए बमोजिम व्यवस्थापन रहेको कागजात प्रमाण |
| | २ | बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने वडाहरू छनोट गर्ने | √ | | मिति २०७९/०५/२४ मा नगर कार्यपालिकाद्वारा सम्पुर्ण वडा सहित नगरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउने निर्णयको प्रतिलिपि |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने | √ | | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय संग बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अन्तरक्रिया गरि प्रतिवद्धतामा हस्ताक्षर गरेको प्रतिलिपि र फोटो |
| | ४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने | √ | | २०८० माघ ०९ मा पञ्चवर्षिय लगानी योजना तयार गरि प्रकाशन गरिएको १ थान किताव |
| | ५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने | √ | | बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९ (राजपत्रमा प्रकाशित) |
| | ६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल टोल विकास संस्था। समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने | √ | | विद्यालयस्तरीय ४, टोलस्तरीय ६ र १ वटा वडा बाल संजाल गठन भई क्रियाशिल रहेको माइन्युटको प्रतिलिपी |

| | क्र. स. | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| नितियोजनातर्जुमाकायान्वयनकोचरण | १ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने | √ | | • नगर कार्यान्वयन सहजिककरण समिति गठन एवं परिचालन बैठक आदिको प्रतिलिपी<br>• लगानी योजना अन्तर्गतका नतिजामुखी कार्ययोजना तयार र कार्यान्वयनको प्रतिलिपी |
| | २ | छनोट भएका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्ने | √ | | नगर सभाद्वारा गरिएको निर्णय र वार्षिक बजेट, नीति तथा कार्यक्रम (रातो किताब) |
| | ३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने | √ | | • सबै साझेदार र सरोकारवालालाई साझेदारी समन्वय र कार्यान्वयन गराउनका लागि नगरस्तरीय गठित कार्यन्वयन सहजिकरण समितिको अभिलेख<br>• सरोकारवालाको समन्वय संजाल निर्माण बाँकी |
| | ४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने | √ | | मिति २०८०/०५/२९ मा बालमैत्री स्थानीय शासन वडा समितिद्वारा स्विकृत गरिएको वडास्तरीय बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयनका लागि कार्ययोजना |
| | ५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने | √ | | विषयगत शाखाहरूले नगरलाई लेखिदिएको प्रतिवद्धता पत्रहरू |

| | क्र | विवरण | पुरा | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|

| | . स | | भएको | | |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| अनुगमन मुल्याङ्कन र प्रतिवेदन को चरण | १ | वडा समिति, गाउँ/नगरस्तरीय समितिबाट सूचक सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा, अनुगमन र समिक्षा गरी प्रतिवेदन तयार गर्ने | √ | | स्थलगत अनुगमन गरेको चेकलिष्टहरू, अन्तिम सूचक मापन र वडाको अन्तिम प्रतिवेदन |
| | २ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने | √ | | बालमैत्री स्थानीय शासनको अन्तिम स्थितीपत्र , २०८१ छापिएको किताब |
| | ३ | बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने। | √ | | शाखागत रूपमा स्थलगत अनुगमनको चेकलिष्ट |
| | ४ | वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने। | √ | | विषयगत शाखाद्वारा आ-आफ्नो क्षेत्रगत सूचक प्रमाणित गरी वडामा पेश गरेको प्रतिलिपि |
| | ५ | बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमती प्रदान गर्ने | √ | | वडा घोषणका लागि नगर कार्यपालिकाको स्वीकृति बैठकको निर्णय र वडालाई दिएको अनुमति पत्र |

| | क्र.स | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| बालमैत्री वडा गापा नगर र घोषणा त थादि | १ | बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने | √ | | घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना छापिएको किताव |
| | २ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/ घोषणा गर्न सम्बन्धित गाउँ नगर सभाको निर्णय | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि आवश्यक कागजात प्रतिवेदन नगर कार्यपालिकामा पेश गरि नगर कार्यपालिकाको बैठकको निर्णय पश्चात सो निर्णयको प्रतिलिपी समावेश गरिनेछ। |
| | ३ | बालमैत्री वडा/गाउँपालिका/ नगरपालिका घोषणा | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेपछि अभिलेख प्रतिवद्धता समावेश गरिनेछ। |
| | ४ | बालमैत्री वडा/गाउँपालिका/ नगरपालिका घोषणापश्चातको रणनीतिक योजना कार्यान्वयन | √ | | पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका लागि वडासमितिले प्रतिवद्धता सहित गरेको निर्णयको प्रतिलिपि। |
| | ५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने | √ | | वडाको अन्तिम प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| **गोपनाकोचरण** | ६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | √ | | • वडामा एक जना बालमैत्री सहजकर्ता, एकजना सम्पर्क व्यक्ति तोकिएको र वडा सदस्यहरुलाई टोल विभाजन जिम्मेवारी बाँडिएको<br>• वडा बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह र सञ्जाल तथा वडा समितिले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि प्रतिवद्धता गरेको निर्णयको प्रतिलिपी। |

## १) बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थाः

*बालबालिकाको लागि स्थानीय लगानी योजनाः*

१० न. वडाले यस आर्थिक वर्षमा बालमैत्री स्थानीय शासनका कार्ययोजना तयार गरि स्थानीय विकास योजना (नीति तथा कार्यक्रम)मा समावेस गरेको छ ।वडाका जनप्रतिनिधि, महिला, बालबालिका, दलित, आदिवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक लगायत सम्पूर्ण सरकोकारवालाको संलग्नतामा स्थानीय लगानी योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । यस वडाका अधिकतम योजनाहरु कार्यान्वयन हुने गरेका छन् ।

बालबालिकाको क्षेत्रमा यस वडाले बजेट विनियोजन गरी बालबालिकाद्धारा माग र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा निर्देशित कार्यक्षेत्रमा लगानी गरेको छ ।साथै वडाको हरेक वार्षिक र आवधिक योजनाहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत नै योजनाहरु माग भइ कार्यान्वयनको चरणमा जाने समेत आवधिक लगानी योजना (पञ्चवर्षिय) मार्फत सुनिश्चित गरिएको छ। वार्षिक रुपमा बाल भेला गराई सो भेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजनालाई वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयनमा समेत ल्याईएको हुनाले योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ ।

यस वडाको **आ.व.२०८०/८१** अनुसार बालमैत्री स्थानीय शासनको क्षेत्रमा समावेश भएका योजनाहरु यस प्रकार रहेका छन्ः

| क.स. | कार्यक्रम/क्षेत्र/योजना | बजेट |
|---|---|---|
| १ | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा सम्बन्धी विवध कार्यक्रम | ३,००,०००/- |
| २ | वडा नं.१०मा रहेका टोल स्तरीय र विद्यालय स्तरका बाल समुहका बलबालिकाहरुको लागि खेलकुद सामाग्री वितरण | २,००,०००/- |
| ३ | शैक्षिक पुरस्कार सम्मान कार्यक्रम | १,००,०००।- |
| ४. | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ४,५०,०००।- |
| ५. | गरिब जेहेन्दार विद्यार्थी छात्रवृति कार्यक्रम | २,००,०००/- |
| ६. | संस्कृत वेद विद्यालयमा खाना र आवास | १,५०,०००/- |
| ७. | लागु औषध विरुद्ध कार्यक्रम | १,५०,०००/- |
| ८. | लैङ्गिक हिंसा विभेद विरुद्ध कार्यक्रम | ५०,०००।- |
| ९. | युवा महिला बालबालिका जेष्ठ नागरिक दलित अपाङ्ग लक्षित कार्यक्रम | ३,००,०००/- |
| १०. | जेष्ठ नागरिक भएका व्यक्तिहरुको लागि स्वास्थ्य परिक्षण तथा घुम्ति शिविर सञ्चालन कार्यकम | १,५०,०००/- |
| | **जम्मा** | २,०५,००००।- |

<u>वडाबाट विनियोजित रकमबाट भएका कृयाकलापहरु र अन्य आर्थिक स्रोत साधनबाट सम्पन्न कृयाकलापहरुः</u>

*आर्थिक स्रोत लगानी, आ.व. ०८०/८१*

| क.स. | सम्पन्न कृयाकलाप | रकम | बजेट बेहोर्ने निकाय |
|---|---|---|---|
| १ | हाजिरिजवाफ | १५०४०। | वडा कार्यालय |
| २ | प्रारम्भिक सुचक मापन | ४६७५०। | बालमैत्री  बजेट |
| ३ | पानी शुद्धिकरण | १२०५०। | वडा कार्यालय |
| ४ | टोल अभिमुखिकरण | २२४००। | बालमैत्री  बजेट |
| ५ | वडाको क्यालेण्डर छपाई | ९००००। | वडा कार्यालय |
| ६ | बाल भेला | २००००। | बालमैत्री  बजेट |
| ७ | संजाल खाजा | ५०००। | बालमैत्री  बजेट |
| ८ | व्यवसायीक फ्लेक्स टाँस | १२५०००। | बालमैत्री  बजेट |
| ९ | अनुगमन | ८१००। | वडा कार्यालय |
| १० | वक्तित्व कार्यक्रम | ११०००। | वडा कार्यालय |
| ११ | अन्तिम सूचक मापन | ४६०००। | बालमैत्री  बजेट |
| १२ | लागु पदार्थ दुर्व्यसन सम्बन्धी सचेतना मुलक कार्यक्रम | २०००००। | संघ संस्था |
| | **जम्मा** | ६२८३४०। | |

# धन्यबाद!!!